# आ.ब.२०७८/०७९ को क्षेत्रगत संक्षिप्त समीक्षा

क. आर्थिक प्रशासन सुधार तथा वित्त व्यवस्थापन क्षेत्र :-

स्थानीय तहको दोस्रो निर्वाचन,स्रोत फुकुवामा भएको ढिलाई र कोभिड -१९ को प्रतिकुलता जस्ता कारण धनगढी उप-महानगरपालिकामा आर्थिक वर्ष २०७८/०७९ मा कार्यक्रमगत खर्चको अवस्था सन्तोषजनम रहन सकेन । शीर्षकगत आधारमा हेर्दा कार्यालय संचालन तथा प्रशासनिक तर्फ ८७ करोड ९५ लाख ४८ हजार ६ सय ३५ रुपया र पूँजीगत विकास तर्फ ५६ करोड ९१ लाख ८० हजार १ सय ७६ रुपैँया खर्च भएको छ । समग्रमा आ.ब. २०७८/०७९ को समिक्षा अवधिमा कूल प्राप्त रकम १ अरब ९६ करोड १७ लाख ६६ हजार १ सय ३ मध्ये १ अरब ४४ करोड ८७ लाख २८ हजार ८ सय ११ रुपया खर्च भएको देखिन्छ जुन लक्ष्यको ७३.८४ प्रतिशत हुन जान्छ । त्यसैगरी लागत साझेदारी बाट उपभोक्ता समिति मार्फत संचालन गरिएका योजनाहरुमा करिव ५ करोड रुपया थप समेत परिचालन भएको छ । शीर्षकगत खर्च मध्ये पनि चालु खर्च ६१ प्रतिशत र पूँजीगत खर्च ३९ प्रतिशत भएको देखिन्छ ।

- **आर्थिक विकास ( कृषि,उद्योग,प्रर्यटन,सहकारी,वित्तिय क्षेत्र, जलस्रोत तथा सिचाई, पशुपंक्षी विकास, वाणीज्य र आपूर्ति) :-** कूल विनियोजित रकम ८ करोड ७ लाख ६० हजार ५ सय ६० मध्ये ६ करोड ८ लाख ३२ हजार ८ सय ७१ भएको छ जुन कुल विषयगत विनियोजित रकमको ६८.८७ प्रतिशत हो ।
- **पूर्वाधार निर्माण तथा अन्य विकास :-** कूल विनियोजित रकम रु ४० करोड ९० लाख ९ हजार १ सय ४३ मध्ये २७ करोड ८३ लाख ३० हजार ७ सय २३ खर्च हुन सकेको छ जुन कुल विषयगत विनियोजित रकमको ६८.०५ प्रतिशत हो ।
- **सामाजिक विकास ( शिक्षा,स्वास्थ्य,खानेपानी तथा सरसफाई,भाषा तथा संस्कृति,लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण,युवा तथा खेलकुद, जनसंख्या तथा वसाईसराई,सामाजिक सुरक्षा तथा संरक्षण ) :-** कुल विनियोजित रकम ९८ करोड ९७ लाख ६ हजार ५ सय ६९ मध्ये ७३ करोड ५५ लाख ३२ हजार ६ सय ७७ खर्च भएको छ जुन लक्ष्यको ७४.३१ प्रतिशत हो ।
- **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र :-** कुल विनियोजित रकम ३ करोड १६ लाख ६९ हजार १ सय ३३ मध्ये १ करोड १७ लाख ९० हजार ९ सय २० खर्च भएको छ जुन लक्ष्यको ३७.२३ प्रतिशत हो ।

➢ **वन, वातावरण तथा विपद व्यवस्थापन** :- कुल विनियोजित रकम ७७ लाख ७१ हजार १ सय ३३ मध्ये ५६ लाख ८४ हजार ३ सय ८६ रुपैँया खर्च भएको छ जुन लक्ष्यको ७४.०६ प्रतिशत हो ।

तालिकाको रुपमा प्रस्तुत गर्दा

| विषयगत क्षेत्र | विनियोजित रकम | खर्च | खर्च (%) |
|---|---|---|---|
| आर्थिक विकास तर्फ | ८७०६०५६० | ६०८३२८७१ | ६९.८७ |
| पूर्वाधार विकास तर्फ | ४०९००९१४३.५० | २७८३३०७२३.३८ | ६८.०१ |
| सामाजिक विकास | ९८९७०६५६९ | ७३५५३२६७७.९७ | ७४.३१ |
| संस्थागत विकास, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३१६६९१३३ | ११७९०९२०.४० | ३७.२३ |
| वन, वातावरण तथा विपद व्यवस्थापन | ७७७११३३ | ५६८४३८६ | ७४.०६ |
| कुल जम्मा | १५२५२१६५३९ | १०९२१७१५७९ | ६४.७ |

यसैगरी, आर्थिक वर्ष २०७८/०७९ मा कुल आय १ अरब ८१ करोड २८ लाख २२ हजार १ सय ३ प्रक्षेपित गरिएकोमा कूल १ अरब ९६ करोड १७ लाख ६६ हजार १ सय ३ रुँपया राजश्व प्राप्ति भएको छ । जसमध्ये नेपाल सरकार तथा प्रदेश सरकार बाट वित्तीय समानीकरण तर्फ ३३ करोड ७८ लाख ६८ हजार नेपाल सरकार / प्रदेश सरकार शसर्त अनुदान तर्फ ५४ करोड १३ लाख ९० हजार ७९ रुपयाँ, नेपाल सरकार तथा प्रदेश सरकार समपुरक अनुदान तर्फ ३ करोड ४२ लाख ७४ हजार ९ सय ७८ , नेपाल सरकार तथा प्रदेश सरकार विशेष अनुदान तर्फ २ करोड ८५ हजार ८ सय ७५ गरी जम्मा कूल १ अरब ९६ करोड १७ लाख ६६ हजार १ सय ३ रुपैयाँ राजश्व प्रप्ति भएको छ । यसैगरि राजश्व बाँडफाँड तर्फ ४७ करोड ४ लाख ६७ हजार ९ सय २७ रुपयाँ अनुदान प्राप्त भएको छ ।

## ख. राजश्व परिचालन क्षेत्र :-

आ.ब. २०७७/०७८ को तुलनामा आ .ब.२०७८/०७९ मा लक्ष्य अनुसार राजश्व परिचालनले गति लिएको देखिएतापनि अपेक्ष्या अनुरुपको राजश्व संकलन भने हुन सकेन । आ.ब.२०७८/०७९ मा आन्तरिक आयको प्रश्चावित लक्ष्य ४० करोड ७९ लाख ९० हजार रुपैयाँ (सरि आएको मौज्दात रु १५ करोड समेत ) रहेको थियो । समिक्षा अवधिमा

२२ करोड १९ लाख २२ हजार ५ सय २० रुपैयाँ १७ पैसा आन्तरिक राजश्व उठेको छ ।जुन लक्ष्य बमोजिमको ८३.०१ प्रतिशत हुनजान्छ । आन्तरिक राजश्वको आयतन गत आर्थिक वर्ष २०७७/०७८ को तुलनामा थोरै प्रतिशतले बढेतापनि कोभिड १९ का कारण लामो समय गतिशील हुन नसकेको अर्थतन्त्रको लागि यो सुखद कुरा नै मान्नु पर्छ ।

## ग. शहरी विकास तथा पूर्वाधार क्षेत्र :-

आर्थिक वर्ष २०७८/०७९ पूर्वाधार निर्माण तथा अन्य विकास बजेट तर्फ कुल विनियोजित रकम ४० करोड ९० लाख ९ हजार १ सय ४३ मध्ये २७ करोड ८३ लाख ३० हजार ७ सय २३ खर्च हुन सकेको छ जुन लक्ष्यको ६८.०५ प्रतिशत हो ।

| क्र.स. | योजनाको विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| १ | सडक कालोपत्रे | कि.मि. | ११ |
| २ | कालोपत्रे स्तरीकरण | कि.मि. | ७.२६९ |
| ३ | सडक ग्राभेल | कि.मि. | ५०.०२८ |
| ४ | सडक आर.सी.सी. | कि.मि. | ०.११२ |
| ५ | सडक पि.सि.सी. | कि.मि. | १.८९३ |
| ६ | सडकमा ब्लक छाप्रे काम | कि.मि. | ०.०६९ |
| ७ | टेवा पर्खाल | कि.मि. | ०.०१ |
| ८ | रिटेनिङ् स्ट्रक्चर | कि.मि. | ०.३ |
| ९ | मोटरेवल पक्कि पुल | ओटा | ३ |
| १० | झोलुंगे पुल | ओटा | २ |
| ११ | पक्कि नाली | कि.मि. | ७ |
| १२ | कच्ची नाली | कि.मि. | २२ |
| १३ | वडा कार्यालय भवन | ओटा | १२ |
| १४ | विद्यालय भवन | ओटा | ९ |
| १५ | विद्यालयको भान्साघर निर्माण | ओटा | २० |
| १६ | स्वास्थ्य भवन | ओटा | ११ |
| १७ | सामुदायिक भवन | ओटा | १९ |
| १८ | वाल उद्यान | ओटा | १ |
| १९ | बसपार्क | ओटा | १ |
| २० | घन्टाघर | ओटा | १ |
| २१ | धनगढी उ.म.न.पा.को डिजिटल प्रोफाइल निर्माण कार्य सम्पन्न भएको । | | |

## घ. न्यायिक निरुपण :-

- जम्मा नयाँ मुद्दा दर्ता संख्या : २५
- अघिल्लो वर्षबाट जिम्मेवारी सरेका मुद्दा : १८
- कूल मुद्दा संख्या : ४३
    - जग्गा सिमाना विवाद सम्बन्धी : १८
    - ज्याला मजदूरी र अन्य : २५
- मिलापत्र भएका : ६
- मिलापत्र हुन नसकी अदालत पठाइएका : ११
- प्रक्रियामा रहेका : २५
- फिर्ता पठाइएको : १

## ङ पशुशाखा संग सम्वन्धित :-

- मेडिकल उपचार सेवा : ४६७१७
- प्रयोगशाला सेवा : ११९६
    - गोबर परिक्षण : ११३१
    - दुध परिक्षण : ३२
    - कृत्रिम गर्भाधान सेवा : १४३४
    - गाई : १०२१
    - भैसी : ३५५
    - बाख्रा : ५७
    - गर्भ परिक्षण : ५४७
    - खोप सेवा : २३४१०
    - सामुदायिक कुकुर बन्ध्याकरण सेवा : २३२

**च. कृषि शाखा संग सम्वन्धित :-**

- कूल विनियोजित बजेट : ३८९८९०००/-
- खर्च : २७३०२०३०/-
- खर्च प्रतिशत : ७०.०२%
- माछापोखरी विस्तार : १०.१५ हेक्टरमा
- एकीकृत शत्रु जीव व्यवस्थापन सम्बन्धी कृषक पाठशाला संचालन :लाभान्वित समूह ६
- तरकारी खेतीका लागि प्लास्टिक अनुदान : लाभान्वित संख्या १६ जना
- मुक्त कमैयाका लागि आयआर्जन कार्यक्रम संचालन : लाभान्वित समुह ५
- माटो जाँच शिविर संचालन : लाभान्वित संख्या ४०० जना
- साना सिचाई सहयोग कार्यक्रम : लाभान्वित समुह ५८
- किसान सूचीकरण कार्यक्रम : लाभान्वित संख्या १४४० जना
- च्याउको विउ वितरण (५०% अनुदान) : लाभान्वित २०० जना
- बगर खेति सहयोग कार्यक्रम : लाभान्वित समूह ५
- खाद्यान्न बालीको उन्नत बिउ उपयोगमा मूल्य अनुदान: लाभान्वित समुह १०
- तरकारी बालीको साना व्यवसायिक कृषि उत्पादन : लाभान्वित संख्या ८७ जना
- महिला समुह/सहकारी/संस्थाहरुको लागि कृषि उत्पादनमा आधारित सीपमूलक तालिम : लाभान्वित संख्या ४५० जना
- फलफुल बगैचा विकास कार्यक्रम : लाभान्वित संख्या ९ जना

**छ. वन , वातावरण तथा विपद व्यवस्थापन :-**

कोभिड –१९ वाट सृजित प्रतिकूल परिस्थितिका कारण मुलुकको अर्थतन्त्र र समग्र शासन प्रकृयामा नै जटिल अवस्था वाट गुज्रनुपर्यो। विगतका वर्षहरुमा महामारीका

कारण उत्पन्न मानव स्वास्थ्यजन्य संकट व्यवस्थापनमा महानगरपालिकाले उद्धार जनचेतनामूलक कार्यक्रम र राहत वितरणका कार्यहरु सम्पन्न गरेको थियो । महानगरले हालसम्म १ लाख ६६ हजार ४ सय ८४ जनाले खोपको पहिलो मात्रा , १ लाख ६० हजार ७ सय ५१ जनाले खोपको दोस्रो मात्रा र ५२ हजार ५ सय १५ जनाले **"बुस्टर डोज"** लगाएको देखिन्छ । यसैगरी हालसम्म १४७६५ जनाको नि:शुल्क स्वाव संकलन तथा परिक्षण गरिएको छ । यसैगरी कोभिड १९ को संवेदनशीलतालाई ध्यान दिई वडा नं १५ को कनरी मा १५० वेडको आईसोलेसन सेन्टरको स्थापना, **Holding Center** संचालन महीला **Holding Center** र नगरका सबै नागरिकलाई नि:शुल्क एम्वुलेन्स सेवा सन्चालन गरिएको छ । धनगढी नगर अस्पताल बेलीका अक्सीजन प्लान्ट जडान कार्य सम्पन्न गरिएको छ ।

**समग्रमा सकारात्क पक्षहरु**

- सामाजिक सुरक्षा भत्ता वापतको रकम बैँकिङ प्रणाली मार्फत व्यक्तिगत खाता खोली वितरण गरिएको ।
- कोभिड -१९ का कारण लामो समय गतिशील हुन नसकेको अर्थतन्त्रको बावजुत पनि आन्तरिक राजश्व उल्लेखित मात्रामा संकलन भएको ।
- धनगढी नगर अस्पताल बेलीमा अक्सीजन प्लान्ट जडान भएको ।
- वडा नं १५ को कनरीमा १५० वेडको आईसोलेसन सेन्टर स्थापना साथै महिलाका लागि छुट्टै महिला Holding Center निर्माण ।
- भारत वाट आउने नेपाली नागरिकहरुलाई सिमा प्रवेश क्षेत्रमै एन्टीजेन परिक्षण तथा होल्डिङ सेन्टरको स्थापना ।
- वर्षायाममा हुने डुवानको दिगो व्यवस्थापनमो लागि खोलानाला अतिक्रमण व्यवस्थापन गर्ने कार्यलाई अभियानका साथ शुरुवात गरिएको ।
- वन तथा वातावरण संरक्षणको लागि वडा नं ४, ५, ६ र १३ मा रहेका सामुदायिक वन भित्रवाट बग्ने कैलाली खोला सहितको क्षेत्रलाई संरक्षण गर्ने गरी **"Greenery Park", Footpath** सहितको करिडोर निर्माणको लागि **DPR** तयार गर्ने कार्य आरम्भ गरिएको ।
- फोहरलाई स्रोतमै वर्गिकरण गरि संकलन र अन्तिम व्यवस्थापन गर्दै जैविक फोहरबाट घरमै कम्पोस्ट मल बनाउन प्रागारिक खेतीलाई प्रोत्साहन गरिएको ।

- नगर क्षेत्र भित्र संचालन गरिने योजनाहरुको संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरण परीक्षण, वातावरण प्रभाव मूल्यांकन अनिवार्य रुपमा गर्नु लागु गरिएको छ भने वातावरीण सूचकको अध्ययनको लागि **"Environmental Assessments Lab"** निर्माण गर्ने कार्य आरम्भ गरिएको ।
- सबै वडाहरुमा सडक संजाल, विद्युत तथा नेटको व्यवस्था भएको ।

**<u>चुनोतिहरु</u>**

- नगरको कुल खर्च जम्मा ७३.०८ प्रतिशत हुनुले हाम्रो समग्र वित्त व्यवस्थापन कुशलापूर्वक हुन नसकेको देखिन्छ । जसमा पूँजीगत खर्चको हिस्सा ६७.७७ मात्र रहेको ।
- आन्तरिक आय न्यून रहेको ।
- छिमेकि देश संगको खुला सिमाना ।
- छाडा चौपायाहरुको व्यवस्थापन ।
- नीतिगत तथा कानूनी जटिलताहरु ।
- कर्मचारी बृति विकास ।
- फोहर व्यवस्थापनमा जनसहभागिता नहुनु ।
- जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास ।
- सार्वजनिक स्वास्थ्य र शिक्षाको सुधार ।
- ढल निकास तथा व्यवस्थापन ।